**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बडीकेदार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्याः ५ मितिः २०७९/९/२२

**भाग-२**

**बडीकेदार गाउँपालिका**

## सामुदायिक विद्यालय तथा बालविकास केन्द्र समयोजन कार्यविधि २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति २०७९/९/२०**

प्रस्तावनाः बडीकेदार गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालय तथा बालबिकास केन्द्रहरुलाई एक आपसमा समायोजन गरी विद्यालयको व्यवस्थापकीय र शैक्षिक सुधारको कार्य गर्न वाञ्छनीय भएकोले बडीकेदार गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७५ को परिच्छेद २ को नियम १५ ले दिइएको अधिकार प्रयोग गरी बडीकेदार गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधी बनाएको हो ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिपत नाम र प्रारम्भः

(१) यस कार्यविधीको नाम "बडीकेदार गाउँपालिकामा सामुदायिक विद्यलय तथा बालविकास केन्द्र समयोजन कार्यविधी २०७९ " रहेको छ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क. "विद्यालय" भन्नाले बडीकेदार गाउँपालिका भित्रसञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

ख. "बालविकास केन्द्र" भन्नाले बडीकेदार गाउँपालिका भित्र रहेका सबै बालविकास केन्द्रहरुलाई सम्झनु पर्दछ ।

ग. "कर्मचारी " भन्नाले सामुदायिक विद्यालयहरुमा कार्यरत सरकारी अनुदान खाने सहायक र सहयोगि कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

घ. "शिक्षक " भन्नाले नेपाल सरकार र गाउँपालिकाबाट नियुक्त स्थायी, करार,राहत,अस्थायी वा अन्य सबै शिक्षकहरुलाई सम्झनु पर्दछ ।

ङ. "बालविकास शिक्षक" भन्नाले नेपाल सरकार र गाउँपालिकाको अनुदानबाट त.भ. खाने गरी नियुक्ति भएका बालविकास सहजकर्ता शिक्षकलाई सम्झनु पर्दछ ।

च. "गाउँपालिका" भन्नाले बडीकेदार गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ. "कार्यपालिका" भन्नाले बडीकेदार गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज. "विद्यालय| वालविकास केन्द्र समायोजन" भन्नाले दुई वा दुई भन्द बढी विद्यालय|बालविकास केन्द्रहरुलाई एक आपसमा गाभ्ने, गाभेर नायाँ विद्यलय स्थापन गर्ने,तह घटाउने, कक्षा बढाउने वा विद्यालय बन्द गर्ने सम्मको कार्यलाई जनाउछ ।

ञ. "शिक्षा शाखा" भन्नाले बडीकेदार गाउँ कार्यपालिकाको शिक्षा शाखा हर्ने शाखालाई सम्झनु पर्दछ ।

ट. "गाउँ शिक्षा समिति" भन्नाले बडीकेदार गाउँपालिकामा गठित गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### विद्यालय तथा बालविकास केन्द्र समायोजनका सैद्धान्तिक आधार

१. दुई वा दुई भन्दा बढी विद्यालय वा बालविकास केन्द्रहरुलाई गाभी एउटा विद्यालयमा कायम गर्दा देहायको आधारमा गर्ने;

क) दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको

ख) दुई वा दुइ भन्दा बढी विद्यालय तथा बालविकास केन्द्रहरुबीचको पैदल दुरी ३० मिनेट भन्दा कम भएमा,

ग) नजिकमा रहेका दुई वा दुई भन्दा बढी विद्यालयहरु/ बालविकास केन्द्रहरु मध्य एउटा वा सबैमा विद्यार्थी संख्या निम्नानुसार भएमा;

| कक्षा/तह | बालविकास | १-३ | १-५ | ६-८ | ९-१० | ९-१२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १० | ३० | ५० | ३० | २० | ४० |

घ) जनिकको दुरीमा रहेका र आपसमा गाभिएर/ एकिकरण भएर उच्च तहको विद्यालयको हैसियत प्राप्त हुन सक्ने दुई वा सो भन्दा बढी विद्यालय भएमा,

ङ) जनसंख्या बृद्धिदर कम भएको, जनसंख्या वृद्धि घट्दो दरमा रहेको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा दुई भन्दा  बढी विद्यालयहरु,

च) भौगोलिक रुपमा विकटता नभएको अवस्थामा

पुनश्चः तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती  भएको भौगोलिक विकटता भएको विद्यालय तथा बालविकास केन्द्रलाई गाभ्न बाध्य नपार्ने ।

२. स्तर बृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पुरा नभएका विद्यालयका लागि देहायका विकल्प अनुसार समायोजन गर्ने;

क)  प्रारम्भिक बालविकास केन्द्रको रुपमा सञ्चालित बा.वि. के. मा न्युनतम मापदण्ड पुरा नभएको वा विद्यार्थी संख्या न्युन भई नजिक अर्को विद्यालय वा बा.वि. के रहेको  अवस्थामा बालविकास केन्द्र बन्द गर्ने ।

ख) कक्षा १-३ सम्म सञ्चालन  हुने विद्यालयका रुपामा स्तर बृद्धि गर्ने न्युनतम आधार पुरा  नभएका विद्यालहरुलाई नजिकको विद्यालय/ बालविकास कक्षाको रुपमा सञ्चालन गर्ने ,

ग) कक्षा १-५ सम्म सञ्चालन  हुने विद्यालयका रुपामा स्तर बृद्धि गर्ने न्युनतम आधार पुरा  नभएका विद्यालहरुलाई कक्षा १-३  सम्मको विद्यालयमको रुपमा कायम गरी  रुपमा सञ्चालन गर्ने र यस्ता विद्यालयहरुलाई नजिकको विद्यालयको विस्तारित कक्षाको रुपमा पनि सञ्चालित गर्न सकिनेछ ।

घ) कक्षा १-८ सम्म सञ्चालन  हुने विद्यालयका रुपामा स्तर बृद्धि गर्ने न्युनतम आधार पुरा  नभएका विद्यालहरुलाई कक्षा १-५  सम्मको विद्यालयमको रुपमा कायम गरी  रुपमा सञ्चालन गर्ने र यस्ता विद्यालयहरुलाई नजिकको विद्यालयको विस्तारित कक्षाको रुपमा पनि सञ्चालित गर्न सकिनेछ ।

ङ) कक्षा ९-१० सम्म सञ्चालन  हुने विद्यालयका रुपामा स्तर बृद्धि गर्ने न्युनतम आधार पुरा  नभएका विद्यालहरुलाई कक्षा १-८   सम्मको आधारभूत विद्यालयमको रुपमा कायम गरी  रुपमा सञ्चालन गर्ने ।

च) कक्षा ११-१२ सम्म सञ्चालन  हुने विद्यालयका रुपामा स्तर बृद्धि गर्ने न्युनतम आधार पुरा  नभएका  वा न्युन विद्यार्थी संख्या भएमा तथा भौतिक सुविधा समेत नभएका  विद्यालहरुलाई कक्षा ९-१० सम्मको विद्यालयमको रुपमा कायम गरी  रुपमा सञ्चालन गर्ने ।

३. कुनै विद्यालय/ बालविकास केन्द्रमा देहायका विद्यार्थी संख्या नरहेमा र भविष्यमापनि उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा त्यस्तो विद्यालय/ बालविकास केन्द्र बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समयोजन गर्नेः

| कक्षा/तह | बालविकास | १-३ | १-५ | ६-८ | ९-१० | ९-१२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | | | | | | |

पुनश्चः तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती  भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालयको कक्षा वा तह घटाउने वा अन्य उपयुक्त विकल्प अपनाउने ।

परिच्छेद -३

समायोजन हुने विद्यालयको नामाकरण

१. गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडी थप गरी नामाकरण गर्ने वा दुईवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने,

२. एकिकरण हुने विद्यालयको नामाकरण गर्दा बढी विद्यार्थी संख्या भएको विद्यालयको नामका पछाडी कम विद्यार्थी संख्या भएको विद्यालयको नाम जोडी नामाकरण गर्ने वा दुइवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ,

३. दुईभन्दा बढी विद्यालयहरु आपसमा गाभिई वा एकिकरण भई नयाँ ठाउँमा विद्यालय स्थापना हुने अवस्था भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साबिकको नाम वा नाम राख्ने ।

परिच्छेद-४

विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापन

१. विद्यालय समायोजन पश्चताप विद्यालयमा रहेको चल अचल सम्पत्तिको व्यवस्थापन देहाय अनुसार हुने गरी सम्बन्धित वडाअध्यक्षको समन्वयमा सम्पन्न गर्नुपर्नेछ । यस कार्यमा समायोजन भएका विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी,प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

क) गाभिने विद्यालयको सबै चल अचल सम्पत्ति दाखिला खारेज गरी गाभिएको वा नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्ने,

ख) गाभिने विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको/नयाँ कायम भएको विद्यालय नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसमानको विवरण तयार गरी त्यस्ता मालमसानको सालाखाला न्युनतम मूल्य कायम गरी सम्बन्धित वडाको सिफारिस सहित आवश्यक कारवाहीको लागि गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र गाउँपालिकाको कार्यालयले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

घ) अनुमति वा स्वीकृति रद्द गरिएको विद्यालयको चल अचल सम्पत्ति गाउँ शिक्षा समिति र गाउँपालिकाको शिक्षा शाखाको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ ।

परिच्छेद- ५

विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक तथा अन्य व्यवस्थापन

१. विद्यालय समायोजन पश्चताप विद्यालयको शैक्षिक र व्यवस्थापन देहाय अनुसार गर्नुपर्नेछः

क) गाभिने विद्यालायका प्रधानाध्यापक लगायत सबै शिक्षक, बालविकास शिक्षक र कर्मचारीहरुलाई गाभिएको

विद्यालयका शिक्षक र कर्मचारीका रुपमा सरुवा कायम गरिनेछ,

ख) आवश्यकता भन्दा बढी भएका शिक्षक, बालविकास शिक्षक र कर्मचारी दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीको रुपमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिनेछ ,

ग) आवश्यकता भन्द बढी शिक्षक तथा कर्मचारी संख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयमा आवश्यकताका आधारमा सरुवा गरी पदस्थाप गरिनेछ तर थप दरबन्दीको आवश्यकता देखिएमा दरबन्दी मिलान वा वितरण गर्दा समायोजनबाट कायम भएका विद्यालयलाई प्राथमिकता दिइनेछ ,

घ) विद्यालय समायोजन पश्चताप अर्को व्यवस्था नभएसम्मका लागि गाभिने विद्यालयको व्यवस्थापन समिति र अन्य समितिहरु स्वतह निष्कृय हुनेछन र गाभिएको विद्यालयमा रहेको व्यवस्थापन समितिले नै तोकिएको कामकाज गर्नेछ तर गाभिएको विद्यालयको व्यवस्थापन समितिको वैठकमा गाभिने विद्यालयको व्यवस्थापन समिति/शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ साथै गाभिएको विद्यालयको व्यवस्थापन समितिमा कानुन बमोजिम मनोनित गर्नुपर्ने पद रिक्त रहेको भए गाभिने विद्यालयका व्यवस्थापन समितिका सदस्यहरुमध्यबाट मनोनित गर्नुपर्नेछ ।

ङ) विद्यालय समायोजन पश्चताप विद्यालय कर्मचारी र बालविकास शिक्षकको संख्या तोकिए भन्दा बढि हुन गएतापनि गाउँपालिकाले सबै कर्मचारी र बालविकास शिक्षकहरुको सेवा सुविधा र पदीय हैसियतमा कुनै कटौती वा प्रतिकुल प्रभाव पर्ने गरी कार्य गर्ने छैन । तर आवश्यकताका आधारमा सरुवा वा स्थानान्तरण गरि अर्को विद्यालयमा कामकाज गर्न लागाउन सकिनेछ ।

## परिच्छेद- ६

## विद्यालय समायोजनका लागि अपनाउनु पर्ने प्रक्रियागत चरणहरु

१. विद्यालयहरुको समायोजन गर्दा गाउँपालिकाले देहायका प्रक्रियागत चरणहरु अपनाउनेछः

क) कार्यपालिकाले विद्यालय समायोजनको लागि देहाय बमोजिमको कार्यदल बनाउन सक्ने

- गाउँपालिका उपाध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिकाको सदस्यः संयोजक
- सामाजिक विकास समिति संयोजकः सदस्य
- गाउँपालिकामा रहेका सबै वडाका वडा अध्यक्षहरुः सदस्य
- शिक्षक महासंघ अध्यक्ष सदस्य
- शिक्षा समितिका कार्यपालिका महिला सदस्य सदस्य
- शिक्षा अधिकृतः सदस्य

ख) गाउँपालिकामा रहेको विद्यालय र शिक्षक सम्बन्धि तथ्याङ्क अध्ययन तथा विश्लेषण गर्ने,

ग) सामयोजन आवश्यक देखिएका विद्यालयहरुको स्थलगत अध्ययन गर्ने,

घ) विद्यालयका सरोकारवालहरु ( वडा अध्यक्ष, वि.व्य.स., शि. अ. सं, शिक्षक, अभिभावक, बिद्धिजिवी आदि) सँग अन्तरक्रिया र सुझाव संकलन गर्ने ,

ङ) शिक्षा शाखा वा   गाउँ शिक्षा समितिको राय एवम् सिफारिसका आधारमा कार्यपालिकाबाट समायोजन सम्बन्धी निर्णय गर्ने ।

परिच्छेद- ७

विविध

१. समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले  गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय, सामुदायिक सिकाई केन्द्र वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा कार्यपालिकाको निर्णय बमोजिम त्यस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछन,

२. समायोजन भई सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा पुनः विद्यालय सञ्चालनको लागि न्युनतम विद्यार्थी संख्या भएका र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न गाउँ पालिकाले अनुमति दिनसक्नेछ ,

३. विद्यालय समायोजन , एकिकरण वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि भौतिक सुविधा विस्तार एवम्  निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि प्राप्त अनुदान वितरण गर्दा गाउँपालिकाले पहिलो प्रथमिकता क्रममा उपलब्ध गराउ नु पर्नेछ ,

४. विद्यालय समायोजन, एकिकरण वा गाभिएपछि उक्त विद्यालयमा पुर्वाधार विकासको कार्यलाई सम्बन्धित वडाले समेत विशेष प्राथमिकता दिनुपर्नेछ ,

५. यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा बडीकेदार गाउँपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,

दिलाराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत